# कर्णाली प्रदेश योजना आयोगको
# अर्धवार्षिक प्रगति प्रतिवेदन
## आ.व.२०८१/०८२




कर्णाली प्रदेश सरकार

**कर्णाली प्रदेश योजना आयोग**

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

माघ, २०८१

# विषयवस्तु

१. पृष्ठभूमी ........................................................३

२. दीर्घकालीन सोच ........................................................३

३. लक्ष्य ........................................................३

४. उद्देश्यहरु ........................................................३

५. कार्यक्षेत्र ........................................................४

६. आ.व. २०८१/०८२ मा विनियोजित बजेट र पौषसम्मको खर्च (बजेट उपशीर्षकगतरुपमा) ....................४

७. आ.व. २०८१/०८२ को पौषसम्मको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (कर र गैरकर, शीर्षकगतरुपमा) .........४

८. आ.व. २०८१/८२ को पौषसम्म सम्पादन भएका प्रमुख कार्यहरु ........................................४

९. बजेट कार्यान्वयनबाट हासिल भएका प्रमुख उपलब्धिहरु ........................................१२

१०. बजेट कार्यान्वयनमा देखिएका समस्या/चुनौतीहरु ........................................१२

११. आगामी दिनमा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सुझावहरु ........................................१३

१२. दरबन्दी तेरिज (स्थायी कर्मचारीको हकमा) ........................................१३

१३. संगठन संरचना ........................................................१४

## १. पृष्ठभूमी

प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश स्तरका महत्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवं मुल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवं विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) २०७५ बमोजिम प्रदेश योजना आयोगको मिति २०७५।०८।०४ गते गठन भएको हो । प्रदेश योजना आयोगको (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएका छन् ।

## २. दीर्घकालीन सोच

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा देहाय दीर्घकालीन सोच रहेको छ ।

नेपालको दीर्घकालीन सोच "समृद्ध नेपालःसुखी नेपाली", प्रदेशको दीर्घकालीन सोच "समृद्ध कर्णालीःसुखारी कर्णालीवासी" र सोह्रौं योजनाको सोचलाई समेत दृष्टिगत गरी दोस्रो पञ्चवर्षीय आवधिक योजनाको सोच निम्न तय गरिएको छ :

"सुशासन, सामाजिक न्याय र समृद्ध कर्णाली"

## ३. लक्ष्य :

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा देहायको लक्ष्य रहेको छ ।

नवप्रवर्तन, प्रविधि तथा मानवपुँजी प्रबर्द्धन, उत्पादनशील र रोजगारमूलक अर्थतन्त्र निर्माण, सामाजिक न्याय र सुशासन मार्फत समाजवाद उन्मुख समुन्नत कर्णाली निर्माण गर्ने ।

## ४. उद्देश्यहरु :

कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा देहायको उद्देश्यहरु रहेका छन् ।

(क) उत्पादन, रोजगारी र आय वृद्धि तथा गरीबी न्यूनीकरण गर्नु,

(ख) सहज तथा सर्वसुलभ पहुँच र सघन आबद्धता कायम गर्नु,

(ग) सिर्जनशील, सम्मानित तथा न्यायपूर्ण समाज प्रबर्द्धन गर्नु,

(घ) सुशासन प्रबर्द्धन तथा विकासको प्रतिफल जनतासामु पुऱ्याउनु,

(ङ) सार्वजनिक सेवाको सुदृढीकरण गर्ने ।

**५. कार्यक्षेत्र - कर्णाली प्रदेश ।**

**६. आ.व. २०८१/०८२ मा विनियोजित बजेट र पौषसम्मको खर्च (बजेट उपशीर्षकगतरुपमा)**

| बजेट उप-शीर्षक | विनियोजन रु. हजारमा | | जम्मा रु हजारमा | खर्च रु. हजारमा | | जम्मा रु हजारमा | खर्च प्रतिशत | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूंजिगत | | चालु | पूंजिगत | | चालु | पूंजिगत | |
| ३९१०००११ कार्यालयको नियमित | ३९४२५ | १००० | ४०४२५ | ९३८४ | ६२१ | १०००५ | २४.११ | ६२.१० | २४.७५ |
| ३९१००९०१ बहुक्षेत्रीय पोषण (प्रदेश) | १५७५ | - | १५७५ | - | - | - | - | - | - |
| जम्मा | ४१००० | १००० | ४२००० | ९३८४ | ६२१ | १०००५ | २४.११ | ६२.१० | २४.७५ |

| बजेट उप-शीर्षक | विनियोजन रु. हजारमा | | जम्मा रु हजारमा | खर्च रु. हजारमा | | जम्मा रु हजारमा | खर्च प्रतिशत | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूंजिगत | | चालु | पूंजिगत | | चालु | पूंजिगत | |
| ३६५००१०६ बहुक्षेत्रीय पोषण (सङ्घीय) | २५२२ | - | २५२२ | - | - | - | - | - | - |
| जम्मा | २५२२ | - | २५२२ | - | - | - | - | - | - |

**७. आ.व. २०८१/०८२ को पौषसम्मको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (कर र गैरकर, शीर्षकगतरुपमा)**

| क्र.सं. | राजश्व शीर्षक | लक्ष्य | अर्धवार्षिक अवधि सम्म संकलनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| - | - | - | - | - |

**८. आ.व. २०८१/८२ को पौषसम्म सम्पादन भएका प्रमुख कार्यहरु :**

(क) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धि कार्य सम्पन्न गरिएको ।

(ख) दोश्रो पञ्चवर्षीय योजनाको मस्यौदा माथि प्रदेशका विभिन्न विषयगत मन्त्रालयहरुका सचिवज्यूहरू र योजना महाशाखाका कर्मचारीहरूसँग राय, सुझाव एंव प्रतिक्रिया लिने कार्यक्रम सम्पन्न भएको ।




(ग) नेपाल सरकारको नेतृत्व र विषयगत मन्त्रालय एवम् विकास साझेदार तथा सरोकारवालाहरुको सहकार्यमा बहुक्षेत्रीय पोषणसँग सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहहरुसँगको सहकार्य तथा अन्य सरोकारवालाहरुको समन्वयमा यूएसएआईडी एकीकृत पोषण परियोजना (USAID integrated Nutrition Project) संचालन गर्ने सन्दर्भमा यस प्रदेशमा पोषण अवस्थाको सुधारका लागि प्रदेशका विशेष आवश्यकता र प्राथमिकता पहिचान गर्ने उद्देश्यले प्रदेशस्तरीय वार्षिक कार्य योजना निर्माण कार्यशाला (Annual Work Plan Co-Creation Workshop) आयोजना गरी सम्पन्न भएको ।



(घ) कर्णाली प्रदेशमा सञ्चालन रहेका विश्व खाद्य कार्यक्रम, युएनडीपी, युनिसेफ लगायत विभिन्न विकास साझेदार संस्थाहरुको वार्षिक कार्य समिक्षा तथा भावी योजना सम्वन्धमा कर्णाली प्रदेश योजना आयोगमा संयुक्त रुपमा कार्यक्रम संचालन गरिएको ।



(ङ) कार्यालयमा डिजिटल नागरिक बडापत्र जडान गरी संचालनमा ल्याइएको ।




(च) आयोगका सूचनाहरूलाई प्रभावकारी रूपमा आम जनसमुदायसम्म पुऱ्याउने उद्देश्यले सूचना प्रविधि विभागको पहलमा निर्माण गरिएको एकीकृत वेवसाइट व्यवस्थापन प्रणालीमार्फत आयोगको आधिकारिक वेवसाइटलाई सुधार र अध्यावधिक गरी संचालनमा ल्याइएको छ । यस प्रणालीले आयोगका नीतिगत, योजनागत तथा अन्य प्रशासनिक सूचनाहरूलाई सजिलै पहुँचयोग्य बनाउन मद्दत गर्दछ । साथै, यसले नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्दै आयोगको पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको

छ। वेवसाइटमा नवीनतम प्रविधिहरूको उपयोग गरी, प्रयोगकर्तामैत्री डिजाइन र सूचना खोज तथा उपयोगमा सहजता प्रदान गरिएको छ।




(छ) कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष श्री यामलाल कडेलज्यूको अध्यक्षतामा कर्णाली प्रदेशको दोश्रो पञ्चवर्षीय योजनाको प्रारम्भिक मस्यौदामाथि कर्णाली प्रदेशसभाका सदस्यज्यूहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न।



(ज) कर्णाली प्रदेश योजना आयोग, सुर्खेतको यस आर्थिक वर्षको वार्षिक कार्यक्रममा सबै प्रदेशका नीति तथा योजना आयोगहरूबीच अन्तर प्रदेश सिकाइ आदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत मिति २०८१ कार्त्तिक ११ र १२ गते सुदुरपश्चिमको धनगढीमा कर्णाली प्रदेश योजना आयोग, सुर्खेत र नीति तथा योजना आयोग, सुदुरपश्चिमबीच सिकाइ आदान प्रदान कार्यक्रम आयोजना गरिएको।



(झ) मिति २०८१।०८।१० गते कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदामाथि कर्णाली प्रदेशमा संचालनमा रहेका विकास साझेदारहरुसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन ।

(ञ) मिति २०८१।०८।१२ गते कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदामाथि निजी क्षेत्र तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन ।



(ट) मिति २०८१।०८।१४ गते कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदामाथि बौद्धिक व्यक्तित्वहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन गरिएको।

(ठ) मिति २०८१।०८।२८ गते कर्णाली प्रदेशको तेस्रो प्रदेश विकास परिषद्को बैठक वीरेन्द्रनगर, सुर्खेतमा सम्पन्न भएको।




(ड) कर्णाली प्रदेशको दोश्रो पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) को अन्तिम मस्यौदा कर्णाली प्रदेशको दोश्रो विकास परिषद्बाट अनुमोदन भई मिति २०८१।०९।१९ गतेको मन्त्रीपरिषद्को बैठकबाट स्वीकृत भई प्रकाशनको तयारीमा रहेको।



(ढ) कर्णाली प्रदेश सरकार तथा अन्तर्गतका निकायले सञ्चालन गर्ने बार्षिक आयोजनाको पहिचान, लेखाजोखा, छनोट र प्राथमिकीकरण गरी प्रविष्टी गर्न तथा वित्तीय अनुशासन कायम गरी बजेट प्रणालीलाई वास्तविक र वस्तुनिष्ठ बनाउन प्रदेश योजना आयोगमा प्रदेश आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली स्थापना गरिएको हुँदा उक्त आयोजना बैंकका बारेमा कर्णाली प्रदेश योजना आयोगका कर्मचारीहरु तथा प्रदेशका विषयगत मन्त्रालयका कर्मचारीहरुलाई आयोजना बैकलाई प्रभावकारी रुपमा संचालनको लागि मिति २०८१।०९।१७ र १८ गते कर्णाली प्रदेश योजना आयोगमा आयोजना बैंक सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ।



(ण) नियमित रुपमा आयोगका कर्मचारीहरुसँग बैठक बसी शाखागत रुपमा भएका कार्य प्रगतिहरु र आगामी कार्यक्रमहरको बारेमा जानकारी एवम् छलफल भएको।



(त) विभिन्न समयमा विकास साझेदार तथा कुटनीतिज्ञ व्यक्तिहरुसँग छलफल एवम् अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न।



(थ) कर्णाली प्रदेश सरकार माननीय मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगको अध्यक्षतामा आयोगको बैठक सञ्चालन।



(द) ७ वटा बहुवर्षीय आयोजना कायम भएको ।

**विभिन्न समितिका बैठकहरुको विवरण :**

- ✓ योजना आयोगको बैठक संख्या : ५
- ✓ प्रदेश विकास परिषद् बैठक संख्या : १
- ✓ समस्या समाधान समितिको बैठक : ०
- ✓ बहुक्षेत्रीय पोषण निर्देशक समितिको बैठक संख्या : १

## ९. बजेट कार्यान्वयनबाट हासिल भएका प्रमुख उपलब्धिहरु :

(क) कार्यालयमा डिजिटल नागरिक बडापत्र जडान गरी सञ्चालनमा ।

(ख) सोलार प्रणालीमा थप ब्याट्री जडानले आयोगको दैनिक कार्यलाई सहज ।

(ग) अन्तर प्रदेश अवलोकन भ्रमणलाई प्रोत्साहित गर्दै, प्रभावकारी योजना तर्जुमा र कार्यान्वयनका लागि ज्ञानको आदानप्रदान, समावेशी विकासका लागि साझेदार संस्थाहरूसँग सहकार्यको विस्तार र विकास परियोजनाहरूमा वित्तीय व्यवस्थापन, कार्यान्वयन र मूल्याङ्कनमा सुधारका उपायहरूको पहिचान जस्ता विषयवस्तुहरुको सिकाईको लागि उपयुक्त देखिएको ।

(घ) कर्णाली प्रदेशको तेस्रो विकास परिषद्बाट अनुमोदन भई कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद्बाट समेत स्वीकृत ।

(ङ) प्रदेश आयोजना बैक व्यवस्थापन सूचना प्रणालीको अभिमुखीकरण कार्यक्रम र आयोजनाहरु प्रणाली प्रविष्ट प्रारम्भ ।

(च) आयोगका बैठक नियमित बसेको ।

## १०. बजेट कार्यान्वयनमा देखिएका समस्या/चुनौतीहरु :

(क) बजेटमा निर्धारित अनुदान र स्रोतहरूको अभावले कार्यान्वयनमा अवरोध पुर्याएको छ ।

(ख) योजनाहरूको समयमै कार्यान्वयन नगर्नु र ढिलाइले बजेटको प्रभावकारितामा कमी ल्याएको छ ।

(ग) दक्ष जनशक्तिको कमी ।

(घ) अन्तरनिकायगत समन्वय र सहकार्य प्रभावकारी नभएको ।

## ११. आगामी दिनमा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सुझावहरु :

(क) आवश्यक निर्णहरु उपयूक्त समयमा गर्नुपर्ने ।


(ख) अन्तर निकायगत समन्वय र साझेदारी ।

(ग) कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक प्रशिक्षण गर्नुपर्ने ।

## १२. दरबन्दी तेरिज (स्थायी कर्मचारीको हकमा)

| क्र.सं. | कर्मचारीको पद | श्रेणी/तह | सेवा | समूह | पदपूर्ति | रिक्त दरबन्दी | जम्मा दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय प्रमुख | अधिकृतस्तर नवौं/दशौं | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | कामकाज |
| २ | अधिकृत | अधिकृतस्तर सातौ/आठौँ | प्रशासन | सामान्य प्रशासन | २ | ० | २ | कामकाज |
| ३ | तथ्याङ्क अधिकृत | अधिकृतस्तर सातौ/आठौँ | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | १ | ० | १ | |
| ४ | सहायक/ अधिकृत | सहायक पाँचौ/ अधिकृत छैटौं | प्रशासन | सामान्य प्रशासन | २ | ० | २ | |
| ५ | लेखा सहायक/ अधिकृत | सहायक पाँचौ/ अधिकृत छैटौं | प्रशासन | लेखा | १ | ० | १ | |
| ६ | कम्प्युटर सहायक | सहायक पाँचौ/ अधिकृत छैटौं | विविध | - | १ | ० | १ | कामकाज |
| ७ | सहायक | सहायक चौथो/पाँचौ | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | कामकाज |
| ८ | का.स. | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | |
| ९ | ह.स.चा | श्रेणी विहिन | | | १ | ० | १ | |
| | जम्मा | | | | १४ | | १४ | |

# १३. संगठन संरचना


प्रदेश सरकार
कर्णाली प्रदेश योजना आयोग
कर्णाली प्रदेश, सुर्खेत
संगठन संरचना
उपाध्यक्ष
सदस्य
सदस्य
सदस्य-सचिव
प्रशासकीय प्रमुख
अधिकृत ९/१० तह/प्रशासन/सा.प्र. -१
नीति योजना तथा प्रशासनसन शाखा
अधिकृत/७/८ तह/प्रशासन/सा.प्र. -१
सहायक/अधिकृत ५/६ तह/प्रशासन/सा.प्र. -१
लेखा सहायक/अधिकृत ५/६ तह/प्र/लेखा -१
सहायक ४।५ तह/प्रशासन/सा.प्र. -१
हलुका सवारी चालक/ श्रेणी विहीन -३
कार्यालय सहयोगी /श्रेणी विहीन -२
सुचना तथा तथ्याङ्क शाखा
तथ्यांक अधिकृत ७/८ तह/आ.यो.त.त./त -१
कम्प्युटर सहायक/अधिकृत ५/६ तहि/विविध -१
अनुगमन तथा मूल्याङ्कन शाखा
अधिकृत ७/८ तह/प्रशासन/सा.प्र. १
सहायक/अधिकृत ५/६ तह/प्र/सा.प्र. १
प्रमुख संचिव